# प्रेस काउन्सिल नेपाल

(................................शाखा)

संचारग्राम, तिलगङ्गा,काठमाडौं

च.नं.
प.सं.


मितिः.२०७३।१२।३१

## प्रेस विज्ञप्ति

"तोकिएकै मितिमा सेना लगाएर भए पनि मधेशमा चुनाव गराउँछु" भनी प्रमुख निर्वाचन आयुक्त अयोधीप्रसाद यादवको नाममा केही संचारमाध्यमबाट प्रकाशित सनसनीखेज समाचारप्रति प्रेस काउन्सिल नेपालको गम्भीर ध्यानाकर्षण भएको छ । सो समाचार कपोलकल्पित, भ्रामक र सम्बन्धित व्यक्तिकै जानकारी बेगरको भनी प्रमुख निर्वाचन आयुक्तले आश्चर्यसहित गम्भीर आपत्ति प्रकट गर्नुभएको छ । १९ वर्षपछि जनताले संघीय संरचनाअन्तर्गत पहिलोचोटी आफ्नो मताधिकार प्रयोग गर्न र स्थानीय सरकार छान्न गइरहेको यस ऐतिहासिक घडीमा समाचारको सत्यता, विषयवस्तुको गाम्भीर्यताप्रति पूर्ण सजग र अझ बढी सचेत रहँदै आफ्ना सूचना सामग्री पत्रकार आचारसंहिताको परिधिभित्रै रहेर सम्प्रेषण गर्नहुन सम्पूर्ण सञ्चारमाध्यम तथा सञ्चारकर्मीसमक्ष हार्दिक आह्वान गरिन्छ ।

किशोर श्रेष्ठ
निमित्त अध्यक्ष


पो.ब.नंः ३०७७, फोन नं.: ४११२६७,४११२७९९ फ्याक्स नं.: ४११२६९४